काँग्रेस थाहानगरमा आवद्ध शिक्षकको क्रियाशील सदस्यता खारेज । पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक



कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com





● मकवानपुर, वर्ष-१६, अंक-४५ ● २०८१ जेठ ७ गते सोमबार, ● 19 May, 2024, ● नेपाल सम्वत्-११४४, ● पृष्ठ-६, ● मूल्य रु. १०/-


## थाहाको विकासमा साझा धारणाको अभ्यास



◆ विकास संवाददाता

थाहा नगरपालिकाको नीति, कार्यक्रम तथा बजेट निर्माणमा साझा धारणा बनाउने अभ्यास शुरू भएको छ । नगरपालिकाको विकास आयोजना निर्माणका लागि स्थानीय राजनीतिक दल तथा सरोकारवालाहरूसंग अन्तरक्रिया शुरू भएको छ । २७ वैशाखमा नगरस्तरीय राजनीतिकदलहरूसंग छलफल गरेको पालिकाले १ जेठमा वडाध्यक्षहरू सहित दलहरूसंग छलफल भएको छ ।

नगरपालिकाको १२ वटै वडाबाट संघ तथा प्रदेशमा माग गर्ने योजनाहरूलाई साझा बनाउन १ जेठको बैठकमा विशेष छलफल भएको नगर प्रमुख विष्णु बहादुर विष्टले जानकारी दिए । नगरपालिकामा भएको छलफलमा वडाध्यक्षहरूले आवश्यकता र प्राथमिकताको आधारमा योजनाहरू नगरपालिकामा संकलन गरेको विषयमा समेत छलफल भएको थियो । नगर प्रमुख विष्णु बहादुर विष्टको अध्यक्षतामा बसेको बैठकले बागमती प्रदेशसंग माग गर्ने योजनाहरू सबैको साझा योजना हुने सहभागीहरूले प्रतिक्रिया दिएका छन् ।

छलफलमा नेपाली काँग्रेसका थाहानगर सभापति प्रमोदकृष्ण जोशीले अब पालिकाको 'ब्राण्ड' क्लियर गरेर योजना तर्जुमा गर्नुपर्नेमा जोड दिए । 'कृषि र पर्यटन मुख्य भनिरहँदा सँधै यि विषय छायाँमा पर्नु सकारात्मक हैन, यसलाई सुधारौं'-नगर सभापति जोशीले भने । एमाले थाहानगर अध्यक्ष सुरेन्द्रमान प्रधानले वडा तथा टोलबाट योजना माग गर्नेको संख्या धेरै रहेकोले प्राथमिकताको आधारमा नगरले सबैको तर्फबाट साझा योजना प्रदेश सरकार समक्ष माग गर्नुपर्ने बताए । उनले माग भएको सबै योजनालाई बजेट व्यवस्थापन गर्न स्रोत अपुग हुने भएकोले प्राथमिकताको आधारमा पेश भएका योजनामा बजेट विनियोजनका लागि एकीकृत रूपमा पहल गर्नुपर्ने बताए । नेकपा माओवादी केन्द्र थाहानगरका अध्यक्ष बिनोद लामाले सडक निर्माण केन्द्रित योजनाहरू भन्दा फरक तरिकाले पनि योजना छनोट हुनुपर्ने सुझाव दिए । वडा तथा टोलबाट आएका योजनाहरू नै आफ्नो योजना भएको बताउँदै प्राथमिकताको आधारमा दलिय स्वार्थभन्दा माथि उठेर बजेट तथा कार्यक्रमका लागि सबैले साझा पहल गर्नुपर्ने लामाको भनाइ थियो । राष्ट्रिय स्वतन्त्र पार्टी थाहानगरका अध्यक्ष जयराम खत्रीले युवा रोजगार, सीप विकास र अनुसन्धनात्मक कार्यक्रमहरू पनि योजनामा पर्नुपर्ने बताए ।

छलफलका क्रममा नगर प्रमुख विष्टले नगरपालिकाले प्रदेश सरकारसंग माग गर्ने योजना सबै दल र वडाको साझा योजनाको रूपमा प्रस्तुत हुने प्रतिक्रिया दिए । थाहानगरको जुनसुकै वडाका लागि योजना छनोट भए पनि त्यो थाहामै हुने भएकोले भौगोलिक रूपले असन्तुष्टी व्यक्त नगर्न सबैलाई आग्रह गरे । उनले वडा, राजनीतिकदलहरू तथा आम नागरिकहरूबाट माग भइ आएका योजनाहरू प्रदेश सरकार समक्ष माग गर्ने प्रतिवद्धता जनाए । कार्यक्रममा थाहानगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत नबिन खालिङ, वडाध्यक्षहरू तथा पालिकाका शाखा प्रमुखहरूको समेत उपस्थिती थियो ।


*उपभोग्य वस्तु खरिद गर्दा उपभोग्य मिति हेरेर मात्र खरिद गरौं ।*


### जिल्ला प्रशासन कार्यालयको टोली आग्रामा

## ६७ वर्षिया गोमालाई नागरिकता

विकास संवाददाता
थाहानगर



घरमै नागरिकता पाउँदा गोमा भुजेलको अनुहार हसिलो थियो । ६७ वर्ष पार गर्न लागिसक्दा पनि उनले नागरिकता पाउन सकेकी थिइनन् । कान नसुन्ने, बोल्न नसक्ने र दुवै खुट्टा दरोसंग टेक्न नसक्ने भुजेललाई जिल्ला प्रशासन कार्यालयको टोलीले ५ जेठमा घरमै पुगेर नागरिकता प्रदान प्रदान गरेको हो ।

मकवानपुर थाहा नगरपालिका-८ आग्रा खानीखोलाकी भुजेललाई जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत सरोज प्रसाद पौडेलको टिमले नागरिकता दिएको थियो । नागरिकता पाउँदा उनी खुशी भएकी थिइन् ।

वडाध्यक्ष हेमकुमार थिङले अब नागरिकता भएपछि महिनाको चार हजार रूपैयाँ वृद्ध भत्ता पाइन्छ भनेपछि उनको अनुहारमा चमक आएको थियो । वडाध्यक्ष थिङ ठूलो स्वरले गोमाको कानमा अब वृद्धभत्ता पाइन्छ भनेर सुनाउँदै थिए । ठूलो स्वरले बोलेपछि मात्र दाहिने कानले अलिअलि सुन्छिन् गोमा ।

बल्लतल्ल घर आँगन गर्न सक्ने गोमा नागरिकताविहीन थिइन् । उनको साथमा ८५ वर्षीया आमा छिन् । उनले नै गोमाको स्याहार सुसार गर्दै आएकी थिइन् । गोमाका दाजुभाइ हेटौँडा र काठमाडौँमा बस्छन् । वडाध्यक्ष थिङको सक्रियतामा उनले नागरिकता पाएकी हुन् ।

जिल्ला प्रशासन कार्यालयलाई अनुरोध गरेर उनले गोमाको घरमै नागरिकताको टोली लगेका थिए । वि.सं. २०१४ साल माघ ७ गते जन्मिएकी गोमा पूर्ण अपांग छिन् । हालसम्म नागरिकता पाउन नसकेकोले उनले सामाजिक सुरक्षा भत्ता तथा अपाङ्गता परिचयपत्र समेत पाउन सकेकी थिइनन् ।

नागरिकता वितरणका लागि जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत पौडेलसहित सहदेव आचार्य, मदन श्रेष्ठलगायतको टोली आग्राको खानीखोला पुगेका पुगेका थिए ।नागरिकता वितरण पश्चात् प्रक्रिया दिदै जिल्ला प्रशासन कार्यालय मकवानपुरका प्रशासकीय अधिकृत सरोज प्रसाद पौडेलले भने- 'अरू पनि गाउँघरमा यस्ता असक्तहरू नागरिकताकै अभावका राज्यको सुविधाबाट वञ्चित कोही भए भन्नूस् हामी सहयोग गर्छौं ।'

यस अघि पनि जिल्ला प्रशासन कार्यालय मकवानपुरले भीमफेदी, राक्सिराङलगायतका पालिकाहरूमा अशक्त/अपाङ्गता भएकाहरूलाई घरैमा पुगेर नागरिकता वितरण गरेको थियो ।

## रूप्सेमा २१ बाख्रा छिन भरमै मरे, ५ लाख बढिको क्षति

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाको वडा न ४ रूप्से थिङ टोलका २१ वटा बाख्राको कुडो खाएको निहुँमा मरेका छन् । थिङटोलका अमृत थिङले पालेको १७ र दुधमाया थिङले पालेको ४ वटा बाख्रा मरेको थाहा नगरपालिकाका पशु प्राविधिक रूपेश कुमार मिश्रले जानकारी दिए ।

किसान थिङका अनुसार-'जेठ १ गते साबिक बमोजिम बाख्रा चरेर आएपछि आगनमा राखेको पानी खाएपछि बाख्राहरू एकाएक छटपटाएर मरेका हुन् ।'

पानीमा विष या रासायनिक मल परेको हुन सक्ने पशु प्राविधिक मिश्रले अनुमान गरे । मरेका बाख्रा मध्ये एउटा नमुनासहित पोष्ट मार्टमका लागि केन्द्रिय पशु प्रयोगशाला त्रिपुरेश्वरमा पोस्टमार्टमको पठाइएको छ ।

अमृत थिङका ८ वटा गर्भवती माउ बाख्रासहित, २ वटा खसी, ३ वटा बोका, ४ वटा पाठापाठी र छिमेकी दुधमाया थिङको माउबाख्रा २ वटा र पाठापाठी २ वटा सहित २१ वटा बाख्रा मरेको हो । पीडित किसानहरूको ५ लाखको क्षति भएको प्रारम्भिक अनुमान छ ।

'४ वटा माउ बाख्रा त आज भोलि नै ब्याउने थियो'-कृषक अमृतले भने । १ जेठ दिउँसो ३ बजेको समयमा उक्त घटना भएपछि ईलाका प्रहरी कार्यालय पालुङको टोली घटनास्थल पुगेको थियो । घटनाको थप अनुसन्धान भैरहेको प्रहरीले बताएको छ ।




प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७
कार्यालय: थाहा-८ सम्पर्क नं. ९८०७५१३३००
www.bikaskhabar.com
bikaskhabar@gmail.com

## • सम्पादकीय •

# नि:शुल्क तथा अनिवार्य शिक्षाको सवाल

संविधानप्रदत्त शिक्षासम्बन्धी मौलिक हकको मर्म र २०७५ को शिक्षा सम्बन्धी नि:शुल्क शिक्षा ऐन जारी भई कार्यानवयनमा छ । शिक्षामा निजीकरण र व्यापारीकरणबाट न्यूनीकरण गर्ने उपायको खोजीमा नागरिकस्तरमा समेत व्यापक छलफल गराइ, शिक्षाविद्, बुद्धिजीवीहरूको राय लिइ संविधानको मर्मअनुरूपको शिक्षा प्रणाली अपनाउनु पर्दछ । विद्यालय शिक्षा नाफामूलक रूपमा चलाउने सोच हाम्रो सामाजिक मूल्य/मान्यता विपरित हो। यसैले विद्यालय शिक्षा गैरनाफामूलक हुनुपर्छ भन्ने मान्यताले नै अग्रस्थान पाउनुपर्छ। नाफामूलक व्यापार गर्न अन्यत्र क्षेत्रमा लाग्नु उचित हुन्छ। शिक्षालाई अर्थोपार्जनको माध्यम मात्र बनाउन खोज्नु संविधानविपरित मात्र होइन, पूर्वीय संस्कृति र आदर्श विपरित पनि हो। अहिले सार्वजनिक शिक्षाका पक्षधरहरूसमेत शिक्षण संस्थालाई व्यापारिक चलखेलमा लाग्न थालेका छन्। विद्यालयमा बालबालिकाले उफ्रने, खेल्ने, चल्ने ठाउँमा व्यापारिक केन्द्र बनाई आर्थिक उपार्जन बढाइरहेका छन्। यस्ता घटना विश्वविद्यालयदेखि विद्यालयतहसम्म प्रशस्त देखिन आउँछ।

संघीय सरकारले तयार गरेका अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन, २०७५ जारी भएको पाँच वर्ष पुगिसकेको छ। तर शिक्षासम्बन्धी स्पष्ट नीतिको अभावमा स्थानीय सरकारले उपयुक्त मार्ग अवलम्बन गर्न सकिरहेको छैन। कतिपय पालिकामा जनशक्तिको अभाव छ त्यहाँ अनेकथरीका दबाब पनि खेप्नु परिरहेको छ। र, व्यवस्थितरूपले विद्यालय चल्न सकिरहेका छैनन्। पालिकामा विद्यालय शिक्षा प्रणालीअन्तर्गत कतिपय पालिकाका विद्यालय र त्यहाँ पढ्ने बालबालिका अन्योलमा परिरहेका छन्। समग्र शिक्षा बिकासका लागि हर पालिकामा शिक्षाको आवधिक योजना पनि हुनुपर्छ। योजनाअनुसार वार्षिक त्रैमासिक, अर्धवार्षिक बजेट विनियोजनसमेत हुनु जरुरी छ। अझै अधिकांश पालिका अन्तर्गतका विद्यालयमा स्थानीय पाठ्यक्रम निर्माण गर्न नसकेको गुनासो छ। निर्माण गरिएका पाठ्यक्रम पनि स्थानीय नभएको देखिन्छ। विद्यालयतहको शिक्षाको अधिकार स्थानीय तहमा आएको भए पनि जनशक्ति अभावमा कतिपय हुनुपर्ने कार्य पनि भएका छैन। पहिले जिल्ला शिक्षा कार्यालयले हेर्दै आएको विद्यालय शिक्षाको काम पालिकाअन्तर्गतका शिक्षा शाखाले हेर्ने गरेका छन्। कतिपय विद्यालय भवन उपयुक्त छैनन्। त्यहाँ पिउने पानी छैन। पुस्तकालय देखिँदैन। भएका ठाउँमा पनि सिप शिक्षाले लगानी पाउन कठिन छ। यसमा स्थानीयपालिका र विद्यालयले संयुक्तरूपमा लगानीकोष खडा गरी उपयुक्त सिप सिकाउने प्रबन्ध गर्न सक्छ। कतिपय स्थानीय अभाव र सिप स्थानीय जनसहभागिता जुटाएर पनि अभिवृद्धि गर्न सकिन्छ।

राजनीतिक नेता तथा कार्यकर्ताले शुद्ध शैक्षिक आँखाले शिक्षण संस्थालाई हेर्ने गरे शिक्षाको गुणस्तर सुध्रिन सक्थ्यो। तर अहिले अधिकांश शैक्षिक संस्था शैक्षिक संस्थाका रूपमा नभएर राजनीति गर्ने थलो, कार्यकर्ता पोस्ने ठाउँ बन्न पुगेको छ। दलहरूले यस किसिमको दुर्दशाबाट शिक्षालाई मुक्त गराउने अठोट लिनु जरुरी छ । यि सबै कार्य गर्न नसकेमा सरकारले बेला बेलामा जारी गर्ने शैक्षिक सुधारका कानुनहरु कार्यान्वयनमा कठिनाइ हुने गर्दछ । चालु आर्थिक वर्षमै मात्र मकवानपुरमा थाहा नगरपालिका र मकवानपुरगढी गाउँपालिकालाई नि:शुल्क तथा अनिवार्य शिक्षा घोषणाको कार्यक्रम अघि सारिएको छ । यि र यस्ता ऐन/कानुन कार्यान्वयनका सवालहरुलाई व्यवहारिक रुपमै लागू गर्न सबै पक्ष एकजुट हुनुको विकल्प छैन ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा


| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# सार्वजनिक सेवा प्रवाह र कर्मचारीका सुविधा



◆ प्रकाश भट्टराई

निर्दिष्ट उद्देश्य प्राप्तिका लागि कानूनबमोजिम गठित संस्था वा संगठनमा कर्मचारीहरूलाई दिइने पारिश्रमिक एवम् भत्तालाई तलब सुविधा भनिन्छ । सम्बद्ध संगठनका लागि कुनै व्यक्तिले लगानी गरेको समय, ज्ञान शीप र परिश्रमको बदलामा प्राप्त हुने मौद्रिक तथा गैरमौद्रिक उपलब्धि नै तलब वा ज्याला हो । तलब कुनै व्यक्तिले निकाय वा संगठनका लागि दिएको समय, लगाएको अनुभव, शीप र लिएको जोखिमको क्षतिपूर्तिसमेत हो ।

नेपाल सरकारका मातहतमा रहेका सार्वजनिक संस्थान, बैंक, प्राधिकरणलगायत निकायमा कार्यरत कर्मचारीहरूको तुलनामा सार्वजनिक प्रशासनको मियो संयन्त्रका रूपमा रहेको निजामती सेवामा कार्यरत कर्मचारीहरूको सुविधा कमजोर रहेको छ । यसले गर्दा स्थायी सरकारका रूपमा परिभाषित गरिने निजामती सेवाको पदको गरिमा, मर्यादा र प्रतिष्ठा मात्र होइन मुलुकी प्रशासनमा निर्वाह गर्नुपर्ने नेतृत्वदायी भूमिकामा समेत प्रभावकारिता अभिवृद्धि हुन सकेको छैन । कर्मचारीको मनोबल अत्यन्तै कमजोर बन्दै गएको छ । वैकल्पिक एवम् थप रोजगारीको खोजी गर्ने बाध्यात्मक अवस्था छ । जागीर बीचमै छाड्ने दर बढ्दो छ । भ्रष्टाचार, अनियमितता बढ्ने, प्रतिभा पलायन हुने अवस्था सृजना भएको छ ।

समान आय भएका संसारका अन्य देशको तुलनामा अत्यन्तै न्यून सेवासुविधा प्रदान गरेर विकसित देशमा जस्तो उत्कृष्ट सेवासुविधा खोज्नु युक्तिसंगत पनि हुदैन । हुन त राष्ट्रसेवक कर्मचारीको तलब सुविधा वृद्धि गर्नुपर्ने प्रसंगमा 'तलब बढाउँदा राज्यको व्ययभार बढ्छ, तलब बढाउँदा महँगी बढ्छ, 'नेपालीको औसत आम्दानी नै कम रहेको छ' भन्नेलगायत तर्क गरेको पनि सुनिन्छ । तर, सकारात्मक परिणामका लागि राज्यले आवश्यक खर्च गर्नैपर्छ । उचित तरीकाले तलबभत्ता वृद्धि गर्न सक्ने हो भने यसबाट कार्यसम्पादनमा चुस्ती, गुणस्तरीयता र जिम्मेवारी वहनमा देखिने अर्को सकारात्मक पाटो हामीले भुल्नु हुँदैन । राष्ट्रसेवकलाई आधारभूत आवश्यकता परिपूर्तिका लागि सेवासुविधा उपलब्ध गराउनु र आम नागरिलाई मार पर्न नदिन महँगी नियन्त्रण गर्नु राज्यको कर्तव्य हो । यसर्थ राष्ट्रसेवक कर्मचारीलाई आधारभूत आवश्यकता पूर्तिका लागि मात्र होइन, समुन्नत एवम् आदर्श जीवनयापनका लागि तलब तथा सेवासुविधा उपलब्ध गराउनुपर्छ ।

नीति कार्यान्वयनका स्थायी शासकीय पात्रलाई मौद्रिक तथा गैरमौद्रिक सुविधाद्वारा अभिप्रेरित गर्न सके सार्वजनिक सेवा प्रवाह, सार्वजनिक प्रशासन र राज्य व्यवस्थापन प्रणालीमा सुधार आउन सक्छ । नेपालको सार्वजनिक प्रशासनको सुधार र तलब भत्ताको व्यवस्थापनका लागि लामो अभ्यास र विभिन्न समयमा तलब आयोग गठनसमेत भएका छन् । सबै आयोगले न्यूनतम जीवनयापनका लागि पुग्ने तलब तथा उत्प्रेरणाका लागि महँगी भत्ता, परिवहन भत्ता, आवास खर्च, शैक्षिक भत्ता, स्थानीय भत्ता, सञ्चार खर्च, स्वास्थ्य बीमालगायत विभिन्न सेवासुविधाका लागि सिफारिश गरेका छन् । तर, आयोगहरूबाट प्राप्त सुझावहरूको कार्यान्वयनको अवस्था भने अत्यन्तै कमजोर रहेको छ । संघ, प्रदेश, र स्थानीय तहमा कार्यरत सबै तह, श्रेणी र पदका कर्मचारीको मनोबल उच्च बनाई सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन नेपाल सरकारले तोकेको मर्यादाक्रम एवम् पदसोपानबमोजिम निजामती सेवामा तलब भत्ता समायोजन हुन आवश्यक छ । देशको आर्थिक अवस्था, सामाजिक परिवेश, बढ्दो महँगीका आधारमा नेपालसँग समान आय भएका विश्वका अन्य देश र सार्क राष्ट्रहरूले प्रदान गर्नेसरहको तलब तथा सेवासुविधाको व्यवस्था हुनुपर्छ ।

यस सन्दर्भमा तलब निर्धारणका सिद्धान्त एवम् मान्यताहरू, विगतका विभिन्न आयोगका सिफारिश, विभिन्न कानूनी व्यवस्था, निजामती सेवामा हालको सेवासुविधाको अवस्था, यसका प्रभाव, राष्ट्रसेवक कर्मचारीका लागि आवश्यक मौद्रिक तथा गैरमौद्रिक सेवासुविधा प्रदान गर्नुपर्छ । आगामी आर्थिक वर्षको बजेट पेश गर्दा राष्ट्रसेवक कर्मचारीहरूले भोगेका समस्या, यसबाट सेवा प्रवाहमा परेको प्रभावलाई मनन गर्दै नेपालको सार्वजनिक प्रशासनलाई राज्यले परिलक्षित गरेका उद्देश्य प्राप्त गर्न र सरकारका नीति कार्यक्रमको कार्यान्वयन गर्न सक्षम बनाउने गरी आवश्यक कदम चाल्नुपर्छ । यसका लागि सरकारले दीर्घकालीन तलव नीति निर्माण गर्नुका साथै हालको प्रतिपरिवार औसत खर्चलाई आधार बनाई बदलिँदो आर्थिक, सामाजिक परिवेशबमोजिम मर्यादित जीवनयापनका लागि राष्ट्रसेवक कर्मचारीको न्यूनतम तलबमान निर्धारण गर्नुपर्छ । यसका साथै सरकारका विभिन्न निकायमा कार्यरत राष्ट्रसेवक कर्मचारी र निजामती सेवाका समान पदमा रहेको असमान तलब सुविधा तथा निजामती सेवाभित्रै रहेको पदसोपानविपरीत असमान तलब अनुपातको पुनरवलोकन गरी पदसोपानअनुरूप तलबमान निर्धारण गर्नुपर्छ ।

यसका अतिरिक्त निजामती सेवा ऐनमा रहेको तलब सुविधा पुनरवलोकन समितिलाई सक्रिय बनाई प्रत्येक वर्ष महँगी भत्ता सिफारिश गरी कार्यान्वयन गर्नुपर्ने, प्रत्येक ३ वर्षमा मूल्य वृद्धि र राजस्व वृद्धिको अनुपात, समाजको आर्थिक, सामाजिक अवस्थाको मूल्यांकनका आधारमा तलब सुविधा पुनरवलोकन हुने गरी स्वचालित तलब प्रणाली लागू गर्नुपर्छ । कर्मचारी तलब समायोजन गर्नु पर्दा तलब निर्धारणका सिद्धान्त, आधारभूत मूल्यमान्यता र मापदण्डको पालना गर्दै दक्षिण एशियाली देशहरूको तुलनामा तालमेल हुने गरी तलबमान निर्धारण गर्ने गरी कार्यसम्पादनमा आधारित तलब प्रणाली लागू गर्नुपर्छ । स्थानीय तहमा समायोजन भएका स्वास्थ्य सेवालगायत कर्मचारीको तलब भुक्तानीमा रहेको अन्योल एवम् समायोजित कर्मचारीको ग्रेड वृद्धिमा रहेको अन्योल हटाउनुपर्छ । स्थानीय तहमा समायोजन भएका साविकका स्थानीय निकाय तथा विभिन्न समितिका कर्मचारी उपदानलगायत सुविधाको सहज भुक्तानीका लागि स्थानीय तहमा कोष स्थापना गर्नुपर्छ । तीनै तहका कर्मचारीको ग्रेड संख्याको विद्यमान सीमा हटाउने, परिवहन भत्ता, शैक्षिक भत्ता, आवास सुविधा, सञ्चार खर्च, खाजा खर्च, जोखिम भत्ताको व्यवस्था गर्ने, दुर्गम भत्ता र पोशाक खर्चमा समयसापेक्ष वृद्धि गर्ने, १८० दिनभन्दा बढी सञ्चित घर बिदाको प्रत्येक वर्ष रकम भुक्तानी गर्ने व्यवस्था मिलाउने, तलबसहितको पर्यटन काजको व्यवस्था गर्ने, स्वास्थ्य उपचार खर्च, स्वास्थ्य बीमाको प्रभावकारी व्यवस्था गराउने, निजामती अस्पतालको सेवा सबै प्रदेशमा विस्तार गर्नुपर्ने, अस्थायी, करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीलाई आधारभूत सेवासुविधा उपलब्ध गराउने कार्य गरिनुपर्छ । सामाजिक सुरक्षा कोषमा जोडने, कर्मचारीहरूलाई सेवासँग सम्बद्ध र विभिन्न शीपमूलक तालीम उपलब्ध गराउनुपर्ने, तीनै तहमा कार्यरत सबै सेवा, समूहका कर्मचारीलाई समान वैदेशिक अध्ययन भ्रमणको अवसर प्रदान गर्ने गरी पारदर्शी बनाई समानुपातिक वितरण गर्ने व्यवस्था मिलाउने, निजी प्रयासमा अध्ययन गर्न चाहने कर्मचारीलाई तलबसहितको अध्ययन बिदा व्यवस्था गर्ने, फरक शारीरिक क्षमता भएका कर्मचारीका लागि थप भैपरी बिदा, नि:शुल्क उपकरण उपलब्ध गराउने, कर्मचारी सुरक्षा कोषको स्थापना गरी विभिन्न प्रकारका दैवीप्रकोप एवं आपत्कालीन अवस्थामा कर्मचारी (करारका कर्मचारीलाई समेत) लाई आर्थिक सहायता एवं सहयोगको व्यवस्था गर्नुपर्ने देखिन्छ । समग्रमा भन्नुपर्दा मुलुक संघीय शासन प्रणालीमा रूपान्तरण भइसकेकाले प्रदेश, स्थानीय तहमा कार्यरत कर्मचारी एवम् शिक्षक, प्राध्यापक लगायतको स्तर तथा तलबमान पनि संघीय निजामती र सुरक्षा निकायका कर्मचारी सँगसँगै वैज्ञानिक आधारमा पुनरवलोकन गरी नयाँ ढंगबाट निर्धारण गर्न आवश्यक छ । यसबाट मात्र राष्ट्रसेवक कर्मचारीको मनोबल उच्च भई कार्यसम्पादनस्तरमा पनि सुधार हुनुका साथै सरकारको सेवा प्रवाहमा समेत प्रभावकारिता अभिवृद्धि हुन सक्छ ।

यसका साथै प्रशासनिक संघीयता कार्यान्वयन, सार्वजनिक प्रशासनको सुधार, नागरिकको चाहनाबमोजिमको प्रभावकारी सेवा प्रवाह र राष्ट्रसेवक कर्मचारीहरूको पेशागत हित, वृत्ति विकास सेवाको सुरक्षा तथा ट्रेड युनियन अधिकारको सुनिश्चितताका लागि यथाशक्य छिटो संघीय निजामती सेवा ऐन जारी गरी गतिहीन बनेको नेपालको निजामती प्रशासनलाई ट्र्याकमा ल्याउन अति जरूरी भइसकेको छ ।

# लसुनमा के हुन्छ ?



लसुनको स्वादबारे त धेरै बखान गर्नुपर्दैन । काँचो खाँदा यो पर्रर पिरो स्वादको हुन्छ । जब यसलाई दाल, तरकारीमा मिसाइन्छ स्वाद बदलिन्छ । मूलतः नेपाली भान्सामा लसुनको प्रयोग स्वादकै लागि गरिन्छ । यद्यपि यो औषधीय गुणले पनि भरिपूर्ण मानिन्छ । त्यसैले त प्राचीनकालदेखि औषधिकै रूपमा लसुनको प्रयोग हुँदै आएको पाइन्छ । लसुनलाई संस्कृतमा 'रसोन' भनिन्छ । किनभने धर्तीमा हुने ६ रस (पिरो, तीतो, नुनिलो, टर्रो, अमिलो, गुलियो) मध्ये लसुनमा पाँच रस हुन्छ । लसुनमा 'अमिलो' रस मात्र हुँदैन ।

'रस उन' अर्थात् एक रस कम भएकाले यसलाई 'रसोन' भनिएको हो । आयुर्वेदमा लसुनलाई दुखाइ कम गर्ने द्रव्यको वर्गमा राखिएको छ ।

## लसुनको इतिहास

चीन र इजिप्टमा हजारौं वर्षअघिदेखि लसुनको उपयोग हुँदै आएको इतिहास छ । ईसापूर्व १३२५ मा मिश्रका सम्राट तुतांकखेमानको चिहानमा लसुन राखिएको थियो, लासलाई सुरक्षित राख्ने हेतुले । त्यसताका मिश्रका बासिन्दाहरू कसैको मृत्युपछि चिहानमा यसैगरी लसुन राख्थे । यस्तो मान्यता थियो कि मान्छे मृत्युपछि जब अर्को लोकमा पुग्छन् उनलाई रोगव्याधिले नसताओस् ।

यसैगरी लामो यात्रामा निस्किने सिपाहीहरूले पनि लसुन बोक्ने गर्थे, ताकि कुनै समस्या भएमा औषधिको रूपमा प्रयोग गर्न सकियोस् ।

मानिसहरूको बसाइँसराइसँगै लसुनको प्रयोगले व्यापकता पाउँदै गयो । ईसापूर्व छैटौं शताब्दीमा लसुनले चीन र भारतमा प्रवेश पाइसकेको इतिहासमा उल्लेख छ । त्यसबेला यसलाई उपचारका लागि मात्र प्रयोग गरिन्थ्यो । त्यसपछि क्रमशः लसुनको प्रयोग उपचारमा मात्र नभएर दैनिक जीवनमा हुन थाल्यो ।

पौराणिक कथामा पनि लसुनको महत्व उल्लेख गरिएको छ । कथाअनुसार भगवान इन्द्रसँग अमृत खोसेर पृथ्वीमा ल्याउँदा खसेका अमृतको थोपाबाट लसुनको उत्पति भयो ।

यी कथाहरूबाट के अनुमान गर्न सकिन्छ भने सदियौंदेखि लसुनलाई औषधीय वनस्पतिको रूपमा प्रयोग गरिन्थ्यो ।

## के हुन्छ लसुनमा ?

मेडिकल रिसर्चअनुसार काँचो लसुनमा मुख्यतः एलिसिन भन्ने यौगिक पाइन्छ । यो त्यही तत्व हो, जसमा एन्टिब्याक्टेरियल (जीवाणुनाशक) र एन्टिफंगल (ढुसीनाशक) गुण हुन्छ । साथै लसुनमा फस्फोरस, जिंक, पोटासियम र म्याग्नेसियम जस्ता लवण पदार्थ पनि भरपुर हुन्छ । सल्फर पदार्थ हुने भएकाले लसुनको गन्ध तिख्खर हुन्छ ।

## के गर्छ लसुनले ?

त्यसो त दाल-तरकारीमा लसुनको प्रयोग गरिरहेकै हुन्छ, जसबाट प्रत्यक्ष-परोक्ष लाभ मिलेको हुनसक्छ । त्यसबाहेक बिहान खाली पेटमा दुई-चार केस्रा लसुन खाँदा फाइदा गर्छ । लसुनमा भएको 'एलिसिन' तत्वले विभिन्न किसिमको संक्रमणबाट बचाउन सहयोग गर्छ । टाइफाइड, ज्वरो, एलर्जीको संक्रमण हुन दिंदैन ।

शरीरमा हुने दुखाइ कम गर्न पनि लसुन प्रयोग गरिन्छ । सुन्निएको वा दुखेको ठाउँमा लसुन राखेर तताएको तेलले मालिस गर्न सकिन्छ । काँचो लसुनमा एन्टिअक्सिडेन्ट सल्फहाइड्रिल तत्व पाइन्छ, जसले शरीरबाट विषाक्त पदार्थ बाहिर निकाल्न मद्दत गर्छ ।

लसुनको नियमित प्रयोगले रक्तनलीमा जम्मा भएको खराब कोलेस्टेरोल बाहिर निकाल्छ । यसले मुटुमा हुनसक्ने जोखिम कम गर्छ । लसुन उचित मात्रामा सेवन गर्दा रक्तनलीमाथि हुने दबाब कम हुन्छ । रक्तचाप नियमित गराउन पनि लसुन उपयोगी मानिन्छ । कतिपय छालाको समस्यामा लसुनको प्रयोग गर्न सकिन्छ ।

## कसले खानु हुँदैन ?

लसुनको एलर्जी, रगतको कमी र बिरामीले रगत पातलो बनाउने औषधि सेवन गरिरहेका छन् भने पनि लसुनको सेवन नगर्दा उपयुक्त हुन्छ । किनकि यस्तो अवस्थामा लसुन सेवन गरेमा अन्य समस्या बढ्न सक्छ । अल्सर भएमा पनि यसको सेवन उचित हुन्छ ।

औषधिको रूपमा लसुन प्रयोग गरिरहँदा कुनै पनि औषधि खाइरहेका वा उपचार गराइरहेकाले चिकित्सकको परामर्श लिनुपर्छ ।

# खानामा प्रोटिनको मात्रा बढी वा कम हुँदा कस्तो समस्या हुनसक्छ ?

राम्रो स्वास्थ्यका लागि प्रशस्त प्रोटिनयुक्त आहारको सेवन गर्नुपर्छ भन्ने आम धारणा छ । तर कुनै पनि मानिसको शरीरलाई कति मात्रामा प्रोटिनको आवश्यकता पर्छ भन्ने कुरा उसको शरीर, तौल, मांसपेशी, शारीरिक श्रम तथा उमेरअनुसार निर्धारण हुन्छ ।

एक सामान्य वयस्क व्यक्तिलाई दैनिक तौलको प्रतिकिलोग्राम ०.८ ग्रामदेखि १ ग्राम प्रोटिन चाहिन्छ । यसबाहेक दैनिक व्यायाम गर्ने व्यक्तिका लागि प्रतिकिलोग्राम तौलमा १ ग्रामदेखि १.५ ग्राम प्रोटिनको दैनिक मात्रा आवश्यक हुन्छ । साथै व्यक्तिको शारीरिक क्षमता र स्वास्थ्य अवस्थाअनुसार प्रोटिनको मात्रा फरक हुनसक्छ ।

प्रोटिनले शरीरको वृद्धि, विकास र सुरक्षामा विशेष भूमिका खेलेको हुन्छ । शरीरमा कोषिका र मांसपेशीहरूको उचित कार्य र विकासको लागि प्रोटिनको सही मात्रा आवश्यक हुन्छ । शरीरलाई चाहिने प्रोटिनको आवश्यक मात्रामा सेवन भएन भने विभिन्न समस्या उत्पन्न हुनसक्छ । त्यस्तै शरीरमा प्रोटिनको मात्रा धेरै भयो भने त्यो पनि स्वास्थ्यका लागि हानिकारक हुनसक्छ ।




## शरीरमा प्रोटिनको मात्रा कमीले हुनसक्ने स्वास्थ्य समस्या

शरीरमा प्रोटिनको कमी भएमा शरीरको रोगप्रतिरोधात्मक क्षमता कमजोर हुन्छ । जसकारण व्यक्ति बारम्बार बिरामी पर्नुका साथै व्यक्तिलाई जीउ दुख्ने समस्या देखा पर्छ ।

मधुमेह भएको व्यक्तिमा प्रोटिनको कमी भएमा सुगरको मात्रा नियन्त्रण गर्न गाह्रो हुन्छ । जसकारण मुड बदलिने, रिस उठ्ने, तनाव उत्पन्न हुने हुन्छ । तनावकै कारण शरीरले कमजोरी तथा थकान महसुस गर्न थाल्छ ।

शरीरमा प्रोटिनको कमी भयो भने मान्छे दुब्लाउँदै जाने हुन्छ । बच्चामा प्रोटिनको कमी भएर सुकेनास र फुकेनासको समस्या समेत देखिन्छ ।

शरीरमा प्रोटिनको कमी भएमा रगतमा सेतो रक्तकोषिकाका साथै हेमोग्लोबिन समेत कमी हुने गर्छ । रगतमा सेतो रक्तकोषिका तथा हेमोग्लोबिनको कमी भएमा रोगप्रतिरोधात्मक क्षमतामा कमी आउँछ ।

प्रोटिनको कमीले कपाल झर्ने, टुक्रिने तथा नङ भाँचिने जस्ता समस्या समेत निम्तिन्छ । शरीरमा प्रोटिनको निकै कमी भए जोर्नी दुख्ने समस्या पनि हुन्छ । जोर्नीमा पाइने तरल पदार्थको निर्माणमा समेत कमी आउन सक्छ । जसले गर्दा जोर्नी लचिलो नहुनुका साथै जोर्नी दुख्ने गर्छ ।

## प्रोटिनको मात्रा बढी भयो भयो पनि समस्या निम्तिन्छ

लामो समयसम्म उच्च प्रोटिनयुक्त खाना खाँदा कलेजोसँग सम्बन्धित समस्याको जोखिम निकै बढ्छ । यसले मुख्यतया कलेजोको कार्यलाई असर गर्न सक्छ । उच्च प्रोटिनयुक्त आहारको उपभोग गर्नु भनेको कम फाइबर र कम कार्बोहाइड्रेटयुक्त आहार उपभोग गर्नु हो, जसले कब्जियत हुनसक्छ । साथै, यसले पाचनसम्बन्धी समस्या निम्त्याउन सक्छ ।

धेरै मात्रामा प्रोटिनको सेवनले मिर्गौलामा पनि नराम्रो असर गर्छ । केही अध्ययनअनुसार यदि धेरै प्रोटिनयुक्त आहार खानुहुन्छ भने यसले सम्भावित रूपमा मिर्गौलासम्बन्धी रोग र मिर्गौला फेल हुने खतरा बढाउँछ । शरीरमा थकान, सुत्न गाह्रो हुने, बारम्बार पिसाब लाग्ने, भोक नलाग्ने, मांसपेशीमा दुखाइ, खुट्टा र खुट्टा सुन्निने आदि मिर्गौलाको समस्याको लक्षण हो ।

उच्च प्रोटिनयुक्त खानेकुराको सेवनले शरीरको तौल घटाउन सक्छ । तर यदि धेरै मात्रामा प्रोटिन सेवन गरियो भने तौल घटाउनुको सट्टा शरीरको तौल द्रुत गतिमा बढ्न थाल्छ । त्यसैले प्रोटिनयुक्त खानेकुरा सीमित मात्रामा मात्र खाने प्रयास गर्नुपर्छ ।

केही अनुसन्धानअनुसार एक निश्चित उमेरपछि प्रोटिनको मात्रा बढी खाँदा यसले शरीरमा युरिक एसिड बढाउँछ । यसले गर्दा पिसाबबाट कम मात्रामा क्याल्सियम निस्कन्छ । यस्तो अवस्थामा शरीरमा क्याल्सियम बढी जम्मा हुन्छ, जसले गर्दा पत्थरी हुनसक्छ ।






# राजदेवी खानेपानी आयोजना बोर्डलाई हस्तान्तरण

◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिकाले नगरबासीका लागि खानेपानीमा दिएको सहुलिएतमा राजदेवीका उपभोक्ता पनि जोडिएका छन् । नगरमा बसोवास गरेर हेटौंडा खानेपानी व्यवस्थापन बोर्डको धारा मार्फत खानेपानीको प्रयोग गरेका स्थानियका लागि दश हजार लिटरसम्म निःशुल्क प्रयोगका लागि दिएको सुबिधाबाट हेटौंडा-१७ राजेदेवीका बासिन्दा पनि जोडिएका हुन् ।

रानिखोला राजदेवी खानेपानी तथा सरसफाई उपभोक्ता समिति २ जेठमा खानेपानी बोर्डमा हस्तान्तरण भएसँगै उनिहरू उपमहानगरले खानेपानीमा दिएको सुबिधा उपभोग गर्न पाउँने भएका हुन् । उपभोक्ता समिति हेटौंडा उपमहानगर पालिकाका नगर प्रमुख मीनाकुमारी लामा, उप प्रमुख राजेश बानियाँको उपस्थितीमा बोर्डमा हस्तान्तरण भएको हो ।

हस्तान्तरणसँगै राजदेबी सहित अशोक टोल, जोरधारा कैलासेश्वर, धेल, लक्ष्मीबैकटेश क्षेत्रका ५ सय घर धुरी खानेपानीमा उपभोक्तामा नगरले लिएको सुबिधा उपभोग गर्न पाउँने भएका छन् । समिति मार्फत २ सय ७८ घाराबाट करिब २ हजार ५ सय जनसंख्या लाभान्वित हुँदै आएका थिए । हस्तान्तरण कार्यक्रममा नगर प्रमुख लामाले जलश्रोतको धनी देशमा चिनिने हामि नै खानेपानीको सुबिधाबाट बञ्चित हुँन पर्ने अवस्था आउन नदिनका लागि उपमहानगरले दश हजार लिटरसम्म पानी निःशुल्क गरेको बताइन् ।

नगरबासिलाई स्वच्छ र सफा खानेपानीको प्रवन्ध मिलाउँनका लागि बोर्डसँग समन्वय गर्दै अघि बढिरहेको भन्दै अन्य उपभोक्ता समिति पनि बोर्डमा समाहित हुन आवश्यक रहेको बताइन् । नगरवासीलाई खानेपानीको कमी हुन नदिनका लागि बोर्डले श्रोत पहिचान गर्दै पानि वितरणको काम गरीरहेको भन्दै आउँने समस्यालाई पनि मिलेर समाधान तर्फ जान उपमहानगर तयार रहेको बताइन् ।

कार्यक्रममा नगर उपप्रमुख राजेश बानियाँले स्थानियका समस्यालाई बुझ्दै खानेपानी बोर्डले स्वच्छ पानि बितरणमा ध्यान दिन सुझाब दिए । सार्वजनिक महत्वका क्षेत्रहरूमा बोर्डले सक्ने जति छुट दिएरै पानिको बितरणको व्यवस्था मिलाउनु पर्ने उनको भनाई थियो । कार्यक्रममा बोर्डका अध्यक्ष प्रताप बिष्टले स्थानियको गुनासालाई समाधान गर्दै स्वच्छ खानेपानी बितरणमा ध्यान दिने बताए । आवश्यकता अनुसार पानिको व्यवस्थापन हुने उनको भनाई थियो ।

उपभोक्ता समितिका अध्यक्ष नबराज न्यौपानेको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा १७ का अध्यक्ष उद्धब सत्याल, खानेपानी बोर्डका सदस्यद्धय डाक्टर कृष्णप्रसाद घिताल, इन्द्रप्रसाद नेपाल, बोर्डका कार्यकारी निर्देशक बिष्णुप्रसाद सापकोटा उपभोक्ता समितिका उपाध्यक्ष कृष्णप्रसाद नेपाल लगाएतकाले मन्तव्य राखेका थिए ।

कार्यक्रमा उपभोक्ता समितिलाई अहिलेसम्मको अवस्थामा ल्याउन भुमिका खेल्नेहरूलाई नगद सहित सम्मान गरीएको थियो । उपमहानगरले बोर्ड भन्दा बाहेक रहेर खानेपानीको उपभोग गरीरहेका नगरवासीलाई सुबिधा उपलब्ध गराएको छैन ।

# जन्मदिनमा गरे चार फरक क्षमता भएकाहरुलाई सम्मान



◆ विकास संवाददाता

नेपाल होमस्टे व्यवसायी महासंघका केन्द्रिय सचिवालय सदस्य माधव कार्कीले आफ्नो जन्मदिनको अवसर पारेर थाहा नगरपालिका भित्र फरक क्षमता भई दैनिक जीविकोपार्जन गरिरहेका उद्यमीहरूलाई सम्मान गरेका छन् । जन्मदिनको अवसर पारेर पालुङ जेसीजका सदस्य समेत रहेका थाहा नगरपालिकाका २ का युवा पर्यटन व्यवसायी कार्कीले ४ जनालाई सम्मान गरेका हुन् ।

डाँडाघरे होमस्टेमा आयोजित जन्मोत्सव कार्यक्रममा थाहा नगरपालिका वडा नम्बर ३ गोपाली गाउँका मिल संचालक मनलाल गोपाली, थाहा-४ दोबाटोका अटो चालक बिष्णु गोले, थाहा-३ डाडागाउँका सिकर्मी पेशा गर्दै आइरहेका सानोभाइ भुजेल र थाहा १२ मा दृष्टिबिहिन भएर पनि किराना पसल संचालन गर्दै आइरहेका मान बहादुर स्याङ्तानलाई सम्मानपत्र तथा दोसल्ला ओडाएर सम्मान गरिएको हो। गोपाली र गोले खुट्टाको अपाङ्गता भएका व्यक्ति हुन् ।

पालुङ जेसीज बर्ष २०२४ का उपाध्यक्ष तथा कार्यक्रम संयोजक नारायण कार्कीको अध्यक्षता तथा थाहा नगरपालिकाका उपप्रमुख भरत गोपालीको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा वडा न २ का अध्यक्ष बम बहादुर सिन्तान, पालुङ जेसीजका संस्थापक अध्यक्ष पुरूषोत्तम ढकाल, पालुङ जेसीज बर्ष २०२४ का अध्यक्ष निरज रायमाझीले शुभकामना दिदै सबैले आफ्नो व्यक्तिगत खुशी तथा उत्सव मनाउँदा यस्ता खाले कार्यक्रमको आयोजना गर्दा समाजमा सकारात्मक सन्देशको प्रवाह हुने बताए ।

कार्यक्रममा पालुङ जेसीजका पुर्व अध्यक्षहरू, विभिन्न संघसंस्थाका प्रतिनिधि लगायत पालुङ जेसीजका पदाधिकारीहरूको उपस्थिति रहेको थियो ।

# 'गाउँको विकास संघीयताकै उपज'-मन्त्री मोक्तान

◆ विकास संवाददाता




देशमा संघीयता कार्यान्वयनसंगै विकासले गति लिएको बागमती प्रदेशकी सामाजिक विकास मन्त्री कुमारी मुक्तानले बताइन् । ५ जेठमा थाहा नगरपालिकाको वडा नम्बर ८ मा भएको नेकपा माओवादी केन्द्र ८ नम्बर वडा सम्मेलनलाई संवोधन गर्दै मोक्तानले भनिन्-'आग्रामा यहाँसम्मको विकास आइपुग्नको लागि संघीयताले अहम भूमिका रहेको छ ।' अहिलेको संघीयता, धर्म निरपेक्षता, समानुपातिक, सहभागितामूलक व्यवस्था माओवादी आन्दोलनको उपलब्धी भएको मोक्तानको भनाइ थियो ।

मन्त्री मोक्तानले दामगाडे, आग्रा, महादेववेसी सडक आयोजना संघीयता पश्चात्को विकासको उदाहरण भएको बताउँदै ९९ सय करोडको यो आयोजना पूरा भएपछि यस क्षेत्रको विकास कसैले रोक्न नसक्ने बताइन् । प्रदेश सरकारले निश्चित बजेटको बाबजुद थाहा नगर पालिकाको बिकासको लागि सक्दो पहल गरिरहेको उनले बताइन् । नेकपा माओवादी केन्द्र वडा नम्बर ८ का उपाध्यक्ष डम्बर बहादुर रूम्बाको अध्यक्षतामा सम्पन्न भेलामा नेकपा माओवादी केन्द्रका थाहानगर इन्चार्ज तथा पुर्व नगर प्रमुख लवशेर बिष्ट, नगर प्रमुख बिष्णु बहादुर बिष्ट, नेकपा माओवादी केन्द्रका नगर अध्यक्ष बिनोद कुमार लामा, वाइसीएल केन्द्रिय सदस्य नवराज थिङ, अखिल नेपाल महिला संघ क्रान्तिकारीका नगर अध्यक्ष शकुन्तला गोपाली, माओवादी केन्द्रका जिल्ला समन्वय समिती सदस्यहरू अरूण रायमाझी, टिकाराम रूम्बा, सनमसिंह स्याङ्तान लगायतकाले मन्तव्य व्यक्त गरेका थिए ।

सम्मेलनमा वडा नम्बर ३ का अध्यक्ष हिरेन्द्र कुमार रायमाझी, माओवादी थाहानगर सचिव लक्ष्मण बिष्ट, वाइसीएल थाहाका दिपेन्द्र कुमार थिङलगायतका माओवादी नेता कार्यकर्ताहरूको उपस्थिति रहेको थियो । सम्मेलनमा नेकपा एमाले परित्याग गरि ३ जना माओवादी केन्द्रमा प्रवेश गरेको माओवादी केन्द्रका नगर उपाध्यक्ष सुमन कार्कीले जानकारी दिए ।

वडा भेलाले राजकुमार थिङ सुवासको अध्यक्षतामा २७ सदस्यीय वडा कमिटी समेत गठन गरेको छ। कमिटिको उपाध्यक्षमा डम्बर बहादुर रूम्बा र कृष्ण बहादुर सापकोटा, सचिव राममणी कार्की, सहसचिव मणिकलाल घलान र कोषाध्यक्षमा लक्ष्मी कार्की रहेका छन् ।

# हेटौंडा सरकारले स्वीकृत दरबन्दी बाहेकका कर्मचारीहरु फिर्ता पठाउने

◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिकाले आवश्यक दरबन्दी भन्दा बाहेकका कर्मचारी फिर्ता गर्ने निर्णय गरेको छ । स्वीकृत संगठन संरचना तथा तेरिज दरबन्दी बाहेकका कार्यालयलाई आवश्यक नरहेको भन्दै फिर्ता पठाउने निर्णय गरेको हो । तेरिज दरबन्दी भन्दा बढी कर्मचारी आवश्यक नरहेको भन्दै ४४ औं कार्यपालिका बैठकले स्थायी दरबन्दी कर्मचारी फिर्ता पठाउन मुख्यमन्त्री तथा मन्त्रीपरिषद्लाई पत्राचार गर्ने निर्णय गरेको हो ।

तेरिज दरबन्दी भन्दा बढी कर्मचारी सम्बन्धित निकायमा फिर्ता पठाउने निर्णय भएको नगर प्रवक्ता सबिन न्यौपानेले जानकारी दिए । त्यस्तै कार्यपालिका बैठकले हेटौंडा-३ बसामाडीस्थित प्रस्तावित नेपाल आई प्रोग्राम, द फ्रेण्ड हेलोज ईन्ट्राअकुलर लेन्स ल्यावरोटरी स्थापना कार्यको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिबेदन स्वीकृत गर्ने निर्णय गरेको छ । साबिक बसामाडी गाविसस्थित नबीन रिरोलिङ ईण्डस्ट्रीज रहेको स्थानमा लेन्स ल्यावरोटरी स्थापना गर्ने तयारी भएको छ । नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष रबिभक्त श्रेष्ठको लगानी रहेको रिरोलिङ कम्पनी दुईदसक बढीदेखि बन्द रहेको थियो ।

त्यस्तै, हेटौंडा-१६ स्थित आकाशधारा सडकको स्तरीकरण गर्नका लागि गरिएको वातावरणीय परीक्षण प्रतिबेदन पनि स्वीकृत गर्ने निर्णय भएको प्रवक्ता न्यौपानेले जानकारी दिएका छन् । नगर सभाको १५ औं अधिवेशन आगामी असार २ गते आब्हान गर्ने पनि निर्णय भएको छ । नगरको बिपद् ब्यवस्थापन कोष संचालन कार्यबिधि २०७९ को पहिलो संशोधन प्रस्ताव स्वीकृत गर्ने निर्णय भएको प्रवक्ता न्यौपानेले जानकारी दिएका छन् ।


अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,व्यानर तयार
AARAV creation
DESIGN•FLEX PRINT•PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (व्यानर/साइनबोर्ड)
होर्डिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको व्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# थाहानगरको आग्रामा गोले वंश उत्थान समाजको राष्ट्रिय भेला

◆ विकास संवाददाता

गोले तामाङ वंश उत्थान समाजको आठौं राष्ट्रिूय भेला तथा एघारौं साधारणसभा मकवानपुरको आग्रामा भएको छ । ४ जेठमा थाह नगरपालिका वडा नम्बर ७ डाँडाबासमा भएको भेलाले गोलेको ऐतिहासिक थाकथलो किपटभूमि सिन्धुपाल्चोकको थाङपाल र नुवाकोट लच्याङ ऐतिहासिक सम्पदाको संरक्षण गर्ने घोषणा गरेको छ ।




समाजका सल्लाहकार तथा पुर्व मन्त्री मणि लामा गोलेको प्रमुख आतिथ्यतामा भएको राष्टिय भेलाले विश्वभरका सम्पुर्ण गोले वंशहरूलाई समेट्दै अघि बढ्ने उद्देश्य राखेको समाजको अध्यक्ष मीन गोले तामाङले बताए। कार्यक्रममा थाहा नगरपालिकाका उपप्रमुख भरत गोपाली, समाजका संस्थापक अध्यक्ष जय प्रसाद गोले, समाजका सल्लाहकार तथा पुर्व मन्त्री दावा गोले, नेपाल तामाङ घेदुङका अध्यक्ष मोहन गोले, अल इन्डिया बुद्धिस्ट एशोसियसन भारतका केन्द्रिय सदस्य लिप्चन गोले, केन्द्रिय सदस्य तथा चिफ प्याटर्न बिक्रम गोलेलगायतकाले मन्तव्य व्यक्त गरेका थिए ।


समाजका अध्यक्ष मीन गोले तामाङको अध्यक्षतामा भएको भेलाले गोले बंशबाट प्रतिनिधित्व गर्दै निर्वाचित भएका सांसद, प्रदेश सांसद, गाउँपालिका तथा नगरपालिकाका जनप्रतिनिधि तथा कार्यपालिका सदस्यहरूलाई सम्मान गरिएको थियो भने लाप्तावा, लावोन, बोन्वोहरू क्रमशःकान्छा बोन्वो थाङ्पाल गुन्सा, सिन्धुपाल्चोक,मोतिलाल गोले लच्याङ नुवाकोट, राम बहादुर गोले, थाहा ६, राम बहादुर गोले थाहा ७ सहित ४५ जना सहयोगीलाई सम्मान गरिएको थियो ।

साधारणसभाले अध्यक्षको वार्षिक प्रतिवेदन तथा कोषाध्यक्षबाट प्रस्तुत आर्थिक प्रतिवेदन पास गरेको छ । समाजका केन्द्रिय उपमहासचिव शुभराज गोलेले संचालन गरेको उक्त कार्यक्रममा देश तथा विदेशबाट गरी ५ सय गोले बन्धुहरूको सहभागिता रहेको आयोजकले जानकारी दिएको छ ।

# मत्स्यनारायण माध्यामिक विद्यालयको अध्यक्षमा विष्ट

◆ विकास संवाददाता

मत्स्यनारायण माध्यामिक विद्यालयको अभिभावक भेलाबाट युवराज विष्ट विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा निर्वाचित भएका छन् । थाहा नगरपालिका वडा नम्बर २ मा २९ वैशाखमा भएको अभिभावक भेलाबाट ४ जना सदस्य चुनेको थियो ।



विष्टलाई ३१ बैशाखमा अध्यक्ष पदमा चुनेको हो । समितिले थप दुई सदस्य मनोनित समेत गरिसकेको छ । अध्यक्षमा युवराज बिष्टसंगै सदस्यहरूमा सहदेव ढकाल, बिष्णुमाया थिङ, सुधा कार्की, मनोनित सदस्यमा दिपेन्द्र राज प्रधान र मिना थापा रहेका छन् ।

पदेन सदस्यमा वडा अध्यक्ष बम बहादुर सिनतान, शिक्षक प्रतिनिधि मनोज कार्की र सदस्य सचिवमा प्रधानाध्यापक बिष्णुहरी ढकाल रहेका छन् । वडा सदस्य समेत रहेका बिष्टले अध्यक्षमा चुनिएसंगै विद्यालयको शैक्षिक सुधारको निम्ति आफ्नो काँधमा थप जिम्मेवारी आएको बताउदै वडाले घोषणा गरेको शैक्षिक सुधारका कार्यक्रमहरू लागू गर्न आफू तत्पर रहेरको प्रतिक्रिया दिए ।

विद्यालयको प्रगती र विद्यार्थीहरूको शैक्षिक गुणस्तर सुधार गरेर नतिजामा उत्कृष्ट बनाउने नव निर्वाचित अध्यक्ष विष्टको प्रतिवद्धता रहेको छ ।

# थाहाको शिखरकोटमा अभिमुखिकरण

◆ विकास संवाददाता

थाहा नगरपालिकाको विकास घरमा नागरिक आरोग्य अभियान अन्तर्गत अभिमुखिकरण कार्यक्रम भएको छ । आर्युवेद तथा वैकल्पिक चिकित्सालय मकवानपुरको आयोजनामा ३१ वैशाखमा कार्यक्रम भएको नागरिक आरोग्य केन्द्र थाहानगरकी देवकी तिमिल्सिनाले बताइन। चिकित्सालयका कार्यालय प्रमुख डाक्टर ललित पाण्डेको अध्यक्षता तथा थाहा नगरपालिका वडा नम्बर ३ का अध्यक्ष हिरेन्द्र कुमार रायमाझीको प्रमुख आतिथ्यतामा सम्पन्न अभिमुखिकरण कार्यक्रममा आर्युवेद चिकित्सालयका प्रेम शंकर प्रसाद, ऋषिराम बराल र दिपेश पराजुलीले आर्युवेद चिकित्सा र औषधिको बारेमा जानकारी गराएका थिए ।

कार्यक्रममा थाहा नगरपालिका भित्रका शिक्षक, विद्यार्थी, महिला स्वास्थ्य स्वयंसेविका वडाका पदाधिकारी तथा आरोग्य केन्द्रका कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

# काँग्रेस थाहानगरमा आवद्ध ११ शिक्षकको क्रियाशील सदस्यता खारेज

◆ विकास संवाददाता

नेपाली काँग्रेस थाहानगरले आफ्नो दलमा आवद्ध भएका शिक्षकहरूको क्रियाशील सदस्यता खारेज गरेको छ । नेपाली काँग्रेसले आफ्नो दलमा आवद्ध ११ शिक्षकको क्रियाशील सदस्यता खारेज गरेको जानकारी ६ जेठमा थाहा नगरपालिकाका शिक्षा शाखा प्रमुख माधव विक्रम मल्ललाई दिएका तरूणदल थाहानगरका कार्यवहाक सभापति विक्रम गोपालीले जानकारी दिए ।



कार्यवहाक सभापति गोपालीले भने–'अरू दलले के गर्छन् थाहा छैन, हामीले नगरपालिकाको सूचनालाई कार्यान्वयन गर्यौ यो आँट अरू दलमा छ छैन हेर्न बाँकी छ ।' थाहा नगरपालिकाकाले शिक्षा मन्त्रालयको निर्देशन अनुसार २३ वैशाखमा दलमा आवद्ध शिक्षकहरूले दलको सदस्यता नलिन आग्रह गर्दै सार्वजनिक सूचना गरेको थियो । नेपाली काँग्रेस थाहानगर सभापति प्रमोद कृष्ण जोशीका अनुसार, नगरका ९ विद्यालयका ११ शिक्षकको क्रियाशील सदस्यता खारेज पार्टीले खारेज गरेको हो । यसरी क्रियाशील सदस्यता खारेज हुनेहरूमा सोम तामाङ, अर्चना आले, श्इाम तामाङ, ज्ञानराज कार्की, रिता कठायत;़ रत्नमायाँ गोले, वसन्त कुमार गोपाली, रूद्र गोपाली, पुस्कर कुमार केसी, कमला पौडेल र जयराम अधिकारी रहेका छन् ।

शिक्षकको क्रियाशील सदस्यता खारेजको पत्र बुझाउँदै काँग्रेस थाहा(४ का सभापति श्रीकृष्ण कर्कीले भने–'ऐन, नियम र कानुनको पालनामा सदा प्रतिबद्ध रहि देशकै ठुलो लोकतान्त्रिक पार्टी नेपाली काँग्रेस थाहानगर कार्यसमितिद्वारा नेपाल सरकारबाट जारी विधिविधानमा इमान्दारी पूर्वक भुमिका निभाउन हामी सदा अग्रसर हुनेछौ ।'

# एकीकृत अखिल नेपाल शिक्षक संगठन राक्सिराङको अध्यक्षमा थिङ

एकीकृत अखिल नेपाल शिक्षक संगठन राक्सिराङ गाउँपालिकाको अधिबेशनल अशोक थिङको अध्यक्षतामा २१ सदस्यीय नयाँ कमिटी गठन गरेको छ । कमिटिको उपाध्यक्ष सपना रूम्बा, प्रदिप घलान, सचिवमा प्रकाश थोकर, कोषाध्यक्ष तीर्थराज प्रजा, सहसचिव नारायण महतो रहेका छन् ।

यसैगरी, अधिवेशनले महेन्द्र यादव, सूर्यनारयण चौधरी, जुनु दोङ, आशा रूम्बा, डिल्लीप्रसाद स्याङतान, तिलक बिक, गोबिन्द थिङलगायत सदस्यमा निर्वाचित भएका छन् । एकीकृत अखिल नेपाल शिक्षक संगठन मकवानपुरका जिल्ला अध्यक्ष बसन्त राईको प्रमुख आतिथ्यमा भएको भेलामा शुभरत्न गोले, बनस्तम थिङ, हस्तबहादुर मोक्तान, एकराज गौतम, साजन पाखिनलगायतको आतिथ्यता रहेको थियो ।


ढल जन्य फोहोर ब्यबस्थापन सम्बन्धि अत्यन्त जरुरी सूचना ।

थाहा नगरको बजार क्षेत्रहरुमा घरहरुबाट निस्कने शौचालय जन्य ढललाई खुल्ला रुपमा छोडिने गरेको तथा कहिँ कतै बर्षाको समयमा नाली वा कुलोमा खोल्ने गरेको जनगुनासो आएकोले, त्यस्तो नगर्न जानकारी गराईन्छ । नगरका बजार तथा विभिन्न स्थानका घर धनिहरुलाइ समयमै सेफटि ट्याङ्की बनाई शौचालय जन्य ढललाई व्यवस्थापन गर्न गराउन समेत जानकारी गराइन्छ ।

साथै थाहा नगरपालिकाले सेफटि ट्याङ्की ब्यबस्थापनको लागि ट्याङ्की सेवा सुरू गरेकाले सम्पर्क गर्नु हुन समेत अनुरोध गरिन्छ ।

ट्याङ्कर सेवाको लागि सम्पर्क :-
९७६७५७०९००, ९७०४१२५७५७,९८४५४६४००३

थाहा नगरपालिका
ईन्द्रायणिचौर मकवानपुर ।



समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

# थाहाको १० औं स्थापना दिवस ९ जेठमा मनाइँदै

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाको दशौं स्थापना दिवस ९ जेठमा विविध कार्यक्रम गरी मनाइने भएको छ । वि.सं २०७१ साल वैशाख २५ गते घोषणा भएको थाहा नगरको विधिवत रूपमा २०७१ जेठ ९ गते कार्यालय स्थापना गरी सेवा प्रारम्भ गरेको दिनलाई नगरपालिकाले स्थापना दिवसको रूपमा मनाउँदै आएको छ ।

स्थापना दिवसको ९ जेठ बिहान थाहा नगरपालिका वडा नम्बर ४ क्याम्पाडाँडामा रहेको थाहा कभर्डहलमा उद्घाटन गर्ने कार्यक्रम रहेको छ । उद्घाटनकै अवसरमा उपमेयरकप



ब्याडमिन्टन प्रतियोगिता हुने सामाजिक विकास शाखा प्रमुख अनिल लामिछानेले जानकारी दिए । दिउँसो इन्द्रायणी चौर खेल मैदानमा नगर प्रमुख-११ र प्रमुख प्रशासकीय-११ टिमबीच मैत्रीपूर्ण फुटबल प्रतियोगिता हुने कार्यक्रम तय भएको छ । नगर प्रमुख ११ टिममा नगरका राजनीतिक दल प्रमुख तथा जनप्रतिनीधिहरू रहनेछन् भने प्रमुख प्रशासकीय-११ टिममा नगरपालिका र अन्तर्गतका वडा कार्यालयका कर्मचारीहरू रहने शाखा प्रमुख लामिछानेले जानकारी दिए ।

९ जेठमै नगरपालिका स्थापनादेखि विभिन्न क्षेत्रमा महत्वपूर्ण योगदान दिने ३ विधामा ५ जनालाई 'थाहा पदक' वितरण गरिने भएको छ । नगरपालिकाले पालुङ जेसिज सभाहलमा कार्यक्रमको आयोजना गरी उक्त पदकहरू वितरण गर्ने कार्यक्रम बनाएको छ । थाहा पदक अन्तर्गत थाहा सेवा पदक दुई जनालाई, थाहा आर्थिक समृद्धि पदक दुईजनालाई र थाहा संस्कृति तारा पदक एकजनालाई वितरण गर्ने नगरपालिकाले जनाएको छ ।

# उपमेयरकप ब्याडमिन्टनको तयारी पूरा

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाको खेल क्यालेण्डर अनुसार ९ जेठबाट हुने पाँचौं नगरस्तरीय उपमेयर कप ब्याडमिन्टन प्रतियोगितामा १५ समुह बीच प्रतिस्पर्धा हुने भएको छ । प्रतियोगिताको व्यवस्थापक थाहा व्याडमिन्टन संघका अनुसार सम्पुर्ण खेलहरू नक आउटको आधारमा खेलाईने छ ।

उद्घाटन खेल साविक विजेता नरेन्द्र मोक्तान र देवकुमार अर्यालको समुह र रोशन गोपाली र घनश्याम श्रेष्ठको समुह बीच हुनेछ । बिहान ८ बजे व्याडमिन्टन कभर्ड हल क्याम्पामा थाहा नगरपालिकाका प्रमुख बिष्णु बिष्ट र उपप्रमुख भरत गोपालीले संयुक्त रूपमा उद्घाटन गर्ने कार्यक्रम रहेको आयोजक थाहा नगरपालिकाले जनाएको छ । प्रतियोगिताका विजेताले २० हजार नगद शील्ड मेडल तथा प्रमाणपत्र पुरस्कार पाउने भएका छन् । द्वितीय समूहले १५ हजार र सान्त्वना हुनेले ५ हजार पुरस्कार पाउनेछन् । प्रथम पुरस्कार थाहा नगरपालिका वडा नम्बर ६ मा रहेको ॐ अध्याय रिट्रीटले दोश्रो पुरस्कार च्वाईस नेपालले र सान्त्वना पुरस्कार पालुङ भ्याली हार्ट एकेडेमीले प्रायोजन गरेको छ । टूफी सौजन्य थाहा नगर पालिका वडा नम्बर १० का अर्जुन बस्नेतले गरेका छन् ।

पालुङ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले ब्यानर सौजन्य गरेको उक्त प्रतियोगिता फरक सोचले समन्वय गरेको छ ।


## गर्मीयाममा लाग्न सक्ने रोगबाट बचौं र बचाऔं !

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसमअनुसारका ताजा तरकारी एवं फलफूल उपभोग गरौं,
- सडेगलेको र बासी खानेकुरा नखाऔं,
- खुलास्थानमा असुरक्षित तरिकाले राखिएका खानेकुरा नखाऔं,
- धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
- घर बाहिर हिड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर, आँगन र आसपासको क्षेत्र सफा राखौं,
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## वन डढेलो सम्बन्धि जरुरी सूचना !

आगो एक असल नोकर हो भने खराब मालिक । आगोको सानो झिल्कोले वन डढेलोको रुप लिन सक्दछ । हाम्रो सानो लापर्बाहीले जनधनको क्षति भई ठूलो बिपत्ती निम्त्याउन सक्दछ । यस हिउँद यामको गर्मी र सुख्खा मौसममा डढेलो लाग्ने धेरै सम्भावना रहन्छ । सुख्खा हावा र हुरीबतासले यसलाई झन् बढाउँछ । आगो लाग्नै नदिनु आगलागी तथा डढेलोबाट बच्ने सर्वोत्तम उपाय हो । त्यसैले सावधान रहौं ।

### डढेलो रोकथाम तथा नियन्त्रण गर्ने उपायहरू:

१) हुरीबतास चलेको समयमा खुल्ला ठाउँमा आगो नबालौं । आगो बाल्दा होसियार रहौं, आगोको काम सकिएपछि राम्ररी निभाऔं ।
२) सलाई, लाइटरजस्ता अगो बाल्न प्रयोग हुने वस्तुहरू बालबालिकाहरूबाट टाढा र सुरक्षित स्थानमा राखौं ।
३) पेट्रोल, डिजेल, खाना पकाउने ग्यास, मट्टीतेल जस्ता प्रज्वलनशील पदार्थहरू सुरक्षित स्थानमा राखौं र होसियारी पूवर्क प्रयोग गरौं ।
४) चुरोट, बिडीका बलेका ठुटा जथाभाबी नफालौं तथा राँको बालेर नहिँडौं ।
५) सल्लाको वन भएको क्षेत्रमा वन डढेलो नियन्त्रण गर्न विशेष ध्यान पुऱ्याऔं ।
६) वन क्षेत्रमा मानिसहरू हिँड्ने बाटोको दायँबायाँ तथा घरबारी वरिपरि रहेका सल्लीपिर(कुसम) पातपतिर जस्ता सजिलै बल्नसक्ने पदार्थहरूलाई हटाई सफा राखौं ।
७) पानीका मुहान, पोखरी, रहको सुरक्षा गरौं । आक्स्मिक उपयोगको लागि आफ्नो घरमा पानी जम्मा गरेर राख्ने गरौं ।
८) गाउँटोलमा आगलागी तथा वन डढेलोको रोकथामबारे कुरा गरौं, विपद्बाट बचौं र बचाऔं ।
९) आगलागी भइहालेमा स्थानीय प्रशासन, प्रहरी, नेपाली सेना तथा नजिकको वन कार्यालयमा तुरुन्त खबर गरौं । आफ्नो ज्यानको खतरा नहुने गरी वन डढेलो निभाऔं ।
१०) वनमा आगो लगाउनु दण्डनीय अपराध हो । डढेलो लगाउने व्यक्तिलाई पहिचान गरौं र कानुनी कारबाही गराऔं ।
११) चोरी सिकारी गर्ने क्रममा समेत वनमा आगलागी हुने गरेकोले आगो र चोरी सिकारी गर्नेलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन बमोजिम १५ हजार रूपैयाँदेखि दश लाख रूपैयाँसम्म जरिवाना वा तीन महिनादेखि १५ वर्षसम्म कैद वा दुवै सजाय हुने भएकाले यस्तो कार्य कसैले पनि नगरौं, नगराऔं ।

थाहा नगरपालिका
विपद व्यवस्थापन शाखा
इन्द्रायणी चौर, मकवानपुर

## रेबिजबारे जानकारी



रेबिज, कुकुर तथा अन्य जंगली जनावरहरुको टोकाईबाट मानिसमा सर्ने प्राणघातक रोग हो ।

कुकुरले टोकेको स्थानमा तुरुन्तै साबुनपानीले कम्तीमा १५ मिनेटसम्म राम्रोसँग धोऔं ।

सबै उमेरका कुकुरले टोकेपछि तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरी स्वास्थ्यकर्मीको सल्लाह बमोजिम रेबिज विरुद्धको खोप लगाऔं ।

याद राखौं, रेबिज रोग लागेपछि उपचार हुँदैन, तर समयमै रेबिज विरुद्धको खोप लगाउन सकेमा बच्न सकिन्छ ।

थाहा नगरपालिका
स्वास्थ्य शाखा
इन्द्रायणी चौर, मकवानपुर

## बाल विवाह नगरौं

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुवैको उमेर २० वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ। त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो। बाल विवाह गर्ने, गराउने र सहभागी हुने सबैलाई कानूनले कारवाहीको दायरामा ल्याएको छ । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

मुलुकी अपराध संहिता २०७४

| | |
|---|---|
| विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन (दफा १७३)। | तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ । |

विवाह गर्न पूरा हुनुपर्ने उमेर पूरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय



● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी